**संघीय संसद**

**राष्ट्रिय सभा**

**सोह्रौं अधिवेशन**

**कार्यवाहीको सम्पूर्ण विवरण**

**३१ असार २०८१**

**सोमबार**

**बैठक सङ्ख्या- २७**

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १६:१५ बजे प्रारम्भ भयो।

(१६:१६ बजे) **सम्माननीय अध्यक्ष** :- माननीय सदस्यहरू राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट विधेयक प्रमाणीकरण, मन्त्रिपरिषद् सदस्यको कार्यवाहक तोकिएको, कार्यसञ्चालन, प्रधानमन्त्री पदमा नियुक्ति, मन्त्रिपरिषद् गठनसम्बन्धी पत्रहरू प्राप्त हुन आएको छ। अब म उक्त पत्रहरूको बेहोरा क्रमशः जानकारी गराउँछु।

विधेयक प्रमाणीकरण गरी पठाएको

विषय: विधेयक प्रमाणीकरण गरी पठाइएको।

(क)(१) सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएको देहाय बमोजिमको विधेयकको प्रमाणीकृत प्रति १ थान यसैसाथ सङ्लग्न गरी पठाइएको बेहोरा अनुरोध गर्दछु।

| विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|
| लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक | २०८१/३/२४ |

(डिल्ली राम शर्मा)

सचिव

२०८१ असार २४

(क२) सम्माननीय राष्ट्रपति रामचन्द पौडेलज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएको देहाय बमोजिमको विधेयकको प्रमाणीकृत प्रति थान १ (एक) यसैसाथ सङ्लग्न राखी पठाइएको बेहोरा अनुरोध गर्दछु ।

| **विधेयकको नाम** | **प्रमाणीकरण मिति** |
|---|---|
| विनियोजन विधेयक, २०८१ | २०८१/०३/३० |

(डिल्ली राम शर्मा)
सचिव
२०८१ असार ३ गते

विषय :- कार्यभार तोक्नुभएको सम्बन्धमा।

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले मौजुदा मन्त्रिपरिषद्का माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदिप यादव, माननीय वन तथा वातावरण मन्त्री नवलकिशोर साह सुडी, माननीय स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री हसिना खानले नेपालको संविधानको धारा ७७ को उपधारा २ को खण्ड क बमोजिम आफ्नो पदबाट राजिनामा दिनुभएकोले उहाँले सम्हालदै आउनु भएको मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूले सम्हाल्ने गरी जिम्मेवारी तोक्नुभएको बेहोरा सादर अनुरोध गर्दछु।

(डिल्ली राम शर्मा)
सचिव
२०८१ असार २४

(ग) विषय :- कार्य सञ्चालन सम्बन्धमा।

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डज्यूले नेपालको संविधान धारा १०० को उपधारा २ तथा प्रतिनिधि सभा नियमावली

२०७९ को नियम १५५ को उपनियम ४ बमोजिम प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्न राख्नुभएको प्रस्ताव नेपालको संविधानको धारा १०० को उपधारा ३ बमोजिम प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको बहुमतबाट पारित हुन नसकेको भन्ने समेतको बेहोरा संघीय संसद प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यूको मिति २०८१/०३/२८ को पत्र प्राप्त हुन आएकोले अर्को मन्त्रिपरिषद् गठन नभएसम्म नेपालको संविधानको धारा ७७ को उपधारा ३ बमोजिम यही मन्त्रिपरिषद्ले कार्यसञ्चालन गर्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु।

(डिल्ली राम शर्मा)
सचिव
२०८१ असार २८ गते

विषय : प्रधानमन्त्री पदमा नियुक्त

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा २ बमोजिम प्रतिनिधिसभाका माननीय सदस्य के पी शर्मा ओलीज्यूलाई नेपालको प्रधानमन्त्री पदमा मिति २०८१ असार ३० गते नियुक्त गर्नुभएको बेहोरा अनुरोध गर्दछु।

(डिल्ली राम शर्मा)
सचिव
२०८१ असार ३० गते

विषय : मन्त्रिपरिषद्को गठन सम्बन्धमा ।

नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको सिफारिसमा मिति २०८१ असार ३१ गते देहाय बमोजिमको मन्त्रिपरिषद् गठन गरी कार्यविभाजन समेत गर्नु भएको बेहोरा सादर अनुरोध गर्दछु।

(डिल्ली राम शर्मा)
सचिव
२०८१ असार ३१ गते

| क.सं | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री केपी शर्मा ओली | प्रधानमन्त्री | |
| २. | श्री प्रकाशमान सिंह | उपप्रधानमन्त्री | सहरी विकास |
| ३. | श्री विष्णुप्रसाद पौडेल | उपप्रधानमन्त्री | अर्थ |
| ४. | श्री पृथ्वी सुब्बा गुरुङ | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |
| ५. | श्री रमेश लेखक | मन्त्री | गृह |
| ६. | श्री शरदसिंह भण्डारी | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा |
| ७. | डा. आरजु राणा | मन्त्री | परराष्ट्र |
| ८. | श्री प्रदीप यादव | मन्त्री | खानेपानी |
| ९. | श्री बलराम अधिकारी | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| १०. | श्री दामोदर भण्डारी | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| ११. | श्री नवलकिसोर साह सुडी | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| १२. | श्री देवेन्द्र दाहाल | मन्त्री | भौतिक, पूर्वाधार तथा यातायात |
| १३. | श्री तेजुलाल चौधरी | मन्त्री | युवा तथा खेलकुद |
| १४. | श्री प्रदिप पौडेल | मन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या |
| १५. | श्री अजय कुमार चौरसिया | मन्त्री | कानुन, न्याय तथा संसदीय मामिला |
| १६. | श्री बद्रिप्रसाद पाण्डे | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| १७. | श्री रामनाथ अधिकारी | मन्त्री | कृषि तथा पशुपन्छी विकास |
| १८. | श्री विद्या भट्टराई | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| १९. | श्री मानबीर राई | मन्त्री | रक्षा |
| २०. | श्री दिपक खड्का | मन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाइ |
| २१. | श्री राजकुमार गुप्ता | मन्त्री | संघीय मामिला तथा सामान्य प्रशासन |
| २२. | श्री ऐनबहादुर शाही ठकुरी | मन्त्री | वन तथा वातावरण |

(डिल्ली राम शर्मा)

सचिव

२०८१ असार ३१ गते

माननीय सदस्यहरू, अब म, माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु प्रसाद पौडेललाई

प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१६:२२ बजे) <u>माननीय उप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु प्रसाद पौडेल</u>:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१६:२३ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, अब म, उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०८१ माथिको दफावार छलफल प्रारम्भ हुन्छ । माननीय सदस्यहरू राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम ४ बमोजिम यस विधेयकका सम्बन्धमा निर्धारित समयभित्र ३ जना माननीय सदस्यहरूबाट सुझाव सहितको २ वटा सूचना पेस हुन आएको बेहोरा जानकारी गराउँछु। माननीय सदस्यहरू अब म प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक विधेयक, २०८१ माथि सुझावको सूचना पेस गर्नुहुने माननीय भगवती न्यौपानेलाई आफ्नो सुझाव सहित छलफलमा भाग लिन समय उपलब्ध गराउँछु। समय ५ मिनेट ।

(१६:२४ बजे)<u>माननीय भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी एमाले)</u>:- सम्माननीय अध्यक्षज्यू, सबभन्दा पहिला आज मात्र सपथ ग्रहण गर्नुहुने नवनियुक्त प्रधानमन्त्रीज्यू,

उपप्रधानमन्त्री एवं मन्त्रीज्यूहरूलाई हार्दिक बधाई ज्ञापन गर्दछु र उहाँहरूको कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछु।र यो आर्थिक विधेयक, २०८१ प्रतिनिधि सभाले सन्देश चाहिँ सहित पठाएको जुन विधेयक थियो त्यसमाथि मेरो सुझाव रहेको थियो र मेरो सुझाव खासगरी आर्थिक विधेयक २०८१ को दफा ३६ को उपदफा ६ यसलाई झिकी त्यसपछिको उपदफा क्रम मिलाउने भन्ने सुझाव रहेको थियो र यो खासगरी मैले यो सुझाव किन राखेको थिएँ । मैले देशको हितलाई नै केन्द्र भागमा राखेर यो सुझाव पेस गरेको थिएँ, दर्ता गरेको थिएँ। खासगरी मेरो उद्देश्य के थियो भने कर नतिरीकनै कुनै पनि कम्पनीले पुँजी वृद्धि गर्न नसकोस् भन्ने मेरो उद्देश्य रहेको थियो  कर नतिरीकन कुनै पनि कम्पनीले शेयर सदस्य थप भित्र्याउन नसकोस् भन्ने मेरो उद्देश्य रहेको थियो।र कर नतिरीकनै कुनै पनि कम्पनिले शेयर खरिद विक्री गर्न नसकोस् भन्ने मेरो चाहिँ उद्देश्य रहेको थियो खासगरी यो व्यवस्था जुन एउटा प्रतिनिधि सभामा एउटा खास गरी यो जुन बाट २०५८ को दफा ५७ कर ऐन, २०५८ आयकर दफा  २०५८ को ५७ को उपदफा १ चाहिँ मा प्रतिबन्धात्मक वाक्य थपिएको थियो र थपिएर प्रतिनिधि सभाले जे पास गरेको थियो सरकारको तर्फबाट जे संशोधन भएको थियो त्यो संशोधन बदरभागी छ भनेर मैले यो सुझाव पेस गरेको थिएँ र त्यसलाई यथावत राख्नुपर्छ भनेर नै मैले सुझाव पेस गरेको थिएँ।खासगरि यो व्यवस्था  यो प्रावधान राख्दा प्रतिबन्धात्मक वाक्यांश राख्दा भन्दाखेरि के हुन्छ भन्दा नेपाल स्टकमा exchange मा सूचीकृत भएका जुन Private लिमिटेड कम्पनीहरू पनि मात्र नभएर सूचीकृत नभएका Public, Private लिमिटेड कम्पनीहरूले कर नतिरीकन पुँजी वृद्धि गर्ने त्यस्तो खालको परिस्थिति शेयर सदस्य थप्न सक्ने त्यो खालको परिस्थिति बन्न सक्छ त्यो परिस्थिति बन्न नसकोस् भन्ने मेरो उद्देश्य रहेको थियो। शेयर सदस्य थप र पुँजी वृद्धिपछि कम्पनीमा रहेका पुराना स्वामित्ववालाहरू अल्पमतमा पर्ने नयाँ स्वामित्ववालाहरू चाहिँ बहुमतमा हुने, त्यसो गर्दा नयाँ स्वामित्ववालाहरूले कर नतिरीकन सजिलै कम्पनी लिन सक्ने, कुनै राजस्व नतिरीकन कुनै कर नै नतिरीकन स्वामित्व परिवर्तन हुन सक्ने कुनै पनि कम्पनीको। त्यो खालको परिस्थिति आउन सक्छ त्यसैले गर्दा यो सच्याउन पर्छ भन्ने मेरो सुझावको मक्सद रहेको थियो।

त्यसैले मैले देश कुनै पनि हिसाबले नठगियोस्, कर छली नहोस्, कालो धनलाई सेतो बनाउने स्थिति नहोस्, कसैले पनि चोर बाटोबाट चाहिँ लगानी गर्ने स्थिति नहोस् भन्ने कुरालाई हेक्का गरेर मैले आफ्नो सुझाव प्रस्तुत गरेको थिएँ ।त्यसैले मेरो सुझाव एकदम पवित्र भावनाका साथ मैले आफ्नो सुझाव प्रस्तुत गरेको हो। कहिलेकाहीँ प्रतिनिधि सभाले कुनै विषयमा ध्यान नदिन सक्छ त्यसैले यो राष्ट्रिय सभाको परिकल्पना यति किन गरिएको हो भने प्रतिनिधिसभाले

ध्यान पुऱ्याउन नसकेको विषयलाई कुनै विधेयकहरूमा केही त्रुटि भयो भने कुनै विषयहरूमा प्रतिनिधिसभाले केही कमजोरी गऱ्यो भने ती कमजोरीलाई सच्याउन राष्ट्रिय सभाले सक्छ । त्यसैले राष्ट्रिय सभाको औचित्य पनि त्यसकारणले गर्दा राष्ट्रिय सभाको परिकल्पना गरिएको हो। त्यसकारणले नै राष्ट्रिय सभाको औचित्य पुष्टि हुन्छ, त्यो उद्देश्यले मैले यो सुझाव प्रस्तुत गरेको हो। त्यस्तो गरेर मैले अर्को एउटा सामान्य त्रुटि पनि भएको रहेछ र यो त्रुटि चाहिँ यो खासगरी यो नाममा सङ्क्षिप्त नाम र प्रारम्भ भन्नेमा १४ र ३५ भनेर भनिएको छ। १४ र ३७ हुनुपर्नेमा.....(समय सकिएको) ।

(१६:३० बजे)<u>सम्माननीय अध्यक्ष</u>:-माननीय सदस्यहरू, अब म प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त आर्थिक विधेयक, २०८१ माथिको सुझावको सूचना पेस गर्नुहुने संयुक्त सुझावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय राजेन्द्र लक्ष्मी गैरेलाई आफ्नो सुझावसहित छलफलमा भाग लिन  समय उपलब्ध गराउँछु। समय ५ मिनेट।

(१६:३० बजे)<u>माननीय राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम आज मात्रै सपथ ग्रहण गर्नुभएका माननीय मन्त्रीज्यूहरू, उपप्रधानमन्त्रीज्यू, मन्त्रीज्यूहरूलाई हार्दिक बधाई छ। कतै खुसी कतै दुःख मैले धेरै चोटि भन्ने गरेको थिएँ। हाम्रो काठमाडौंदेखि नारायणघाट बुटवल जाने राजमार्ग बर्षै पिच्छे हामीले पीडा सहन पऱ्यो भनेर उठाउने गरेको थिएँ। नभन्दै यो बिचमा सरकार गइरहँदा सरकार आइरहँदा २/२ वटा बस त्रिशुलीमा गएर थुप्रै हाम्रो नेपाली जनताहरू, दाजुभाइ दिदीबहिनीहरू हराइरहनु भएको छ। ती बेपत्ता हुनुभएको, हराइरहनु भएकोहरू प्रति मेरो श्रद्धाञ्जली छ । मृत्यु हुनेहरूमा र सास भएपनि लास भएपनि छिटो भन्दा छिटो सरकारले खोजेर अभिभावकहरूलाईम् आफन्तीहरूलाई जिम्मा लगाउन सकियोस्, यसमा अझै सरकारले तदारुकता देखाएर सबै मानिसको पहिचान खुलोस् भन्ने मेरो अनुरोध छ । अर्को कुरा चाहिँ सँगसँगै अझै पनि यस्ता घटनाहरू हुन सक्छ । हामी जोखिमपूर्ण यात्रा गर्दै छौं, यो कुराहरू हामीले ध्यान दिन नसकेको कारणले मान्छेहरूको जीउ धनसम्पत्ती अहिले बाढीले बगाएको छ। यो सडकमा मात्र नभएर देशैभरी यस्तो मान्छेलाई महामारी भएको बेलामा आपत परेको बेलामा सरकारले उनीहरूलाई मलम लगाउन सकोस म यो माग गर्न चाहन्छु साथै यो आर्थिक विधेयक, २०८१ मा हामीले सुझावहरू संशोधन राख्दा प्रायजसो अर्थमा सुझावहरू नआउने पनि गर्छ । प्रतिनिधिसभाबाट पास भएर आइसकेको थियो तर अस्पष्ट केही कुरा भएको हुनाले

हामीले राखेका थियौं ।व्यक्तिगत रूपमा मन्त्रीज्यूसँग पनि यो विषयमा कुरा उठेको थियो यसलाई फिर्ता लिंदा उपयुक्त हुन्छ यसले केही फरक पर्दैन भन्ने आशय आएको थियो । त्यसो भएको हुनाले यो विधेयकलाई फिर्ता लिन चाहन्छु। धन्यवाद।

(१६:३३ बजे)<u>सम्माननीय अध्यक्ष</u> :- माननीय सदस्यहरू, उक्त विधेयकमाथिको दफावार छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले आ-आफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीलाई उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु। छलफलमा भाग लिन हुने प्रत्येक माननीय सदस्यहरूलाई ३ मिनेटको समय निर्धारण गरेको छु।

माननीय सदस्यहरु प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त आर्थिक विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस् भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब म माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई छलफलमा उठेका प्रश्नको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१६:३४ बजे)<u>माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल</u>:- सम्माननीय अध्यक्ष महोदय, आयकर ऐन, २०५८ को दफा ५७ को १ मा १ का सम्वन्धमा जे व्यवस्था छ प्रतिनिधि सभाबाट पारित भएर आएको आर्थिक ऐनको सम्बन्धमा माननीय सदस्यहरूले राख्नुभएको सुझावमा सम्बन्धमा सुझावका व्यक्त भएका विषयहरूको सम्बन्धमा केही स्पष्ट गर्ने अनुमति चाहन्छु।

अध्यक्ष महोदय, कम्पनीको ५० प्रतिशत भन्दा बढी नियन्त्रणमा परिवर्तन हुँदा कम्पनीलाई निसर्ग, विक्री सरह मान्नुपर्ने सोही अनुसार कम्पनीको दायित्व र सम्पत्तिको मूल्याङ्कन गरी आय भएमा कर तिर्नु पर्ने र नोक्सानी भएमा सार्न नपाउने व्यवस्था साविकको आयकर ऐन, २०५८ को दफा ५७ मा रहेको थियो। निवर्तमान अर्थमन्त्रीले आयकर ऐन, २०५८ को दफा ५७ को उपदफा १ मा प्रतिबन्धात्मक वाक्यांश थप गरी साविकका शेयरवाला साझेदारको शेयर सङ्ख्या तथा पुँजी यथावत रही नयाँ शेयरवाला तथा साझेदार थप भइ पुँजी वृद्धि भएको अवस्थामा यो उपदफाको व्यवस्था लागू हुने छैन भन्ने व्यवस्था प्रस्ताव गर्नुभएको थियो। यो प्रस्तावित व्यवस्थाको दुरुपयोग हुन सक्छ, दुरूपयोग हुने र यो व्यवस्थाबाट कर योजना tax plan बनाएर राज्यको कर छल्न सक्ने सम्भावना हुन्छ भन्ने सन्दर्भबाट माननीय सदस्यले सुझाव दर्ता गर्नुभएको र तत्सम्बन्धमा आफ्नो विचार व्यक्त

गर्नुभएको मैले महसुस गरेको छु तसर्थ यो खासगरी प्रस्तावित व्यवस्थाको दुरुपयोग हुन नपाओस् र tax plan नहोस्, राज्यले पाउनुपर्ने ट्याक्सबाट वञ्चित हुने स्थिति नहोस् भन्ने कोणबाट व्यक्त विचारलाई म सम्मान गर्न चाहन्छु। यसरी ठुला कम्पनीले करको दायित्व घटाउने र कर छल्न सक्ने लगायतका जुन आशङ्काहरू व्यक्त भएका छन् । यो राज्य नठगियोस्, राज्यको कर कसैले त्यसमा अन्यथा नलिई tax planning गर्ने खालको स्थिति नहोस् भन्ने कोणबाट विचार व्यक्त भएको कुरालाई म सम्मान गर्न चाहन्छु । खास गरीकन हामीले ध्यान दिनुपर्ने एउटा पक्ष के छ भने साविकको व्यवस्थाले खासगरी दफा आर्थिक ऐन, २०५८ को दफा ५७ को व्यवस्थाले साना साना startup company हरूमा लगानी गर्ने venture capital private equity fund बाट आउने पुँजीलाई समेत निरूत्साहित नगरोस् भन्ने विभिन्न कोणबाट सुझावहरू आएको हामी पाउँछौं त्यही विषयहरूलाई मध्यनजर गर्दै सम्मानित सदनमा माननीय सदस्यहरूले राख्नुभएको चासो, चिन्ता र कतिपय कर सम्बद्ध विज्ञहरूबाट समेत यो व्यवस्थाका सम्बन्धमा आशङ्का उत्पन्न भएको सन्दर्भलाई मध्यनजर गर्दै यो संशोधित व्यवस्था प्रवर्द्धनकारी साना कम्पनीको हकमा मात्र लागू गर्नु उपयुक्त हुने देखिएकोले माननीय सदस्यले राख्नुभएको संशोधन अनुरुप नै उक्त प्रतिबन्धात्मक वाक्यांशको भाषा देहाय बमोजिम गर्ने सरकारको तर्फबाट सहमति व्यक्त गर्न चाहन्छु। देहाय बमोजिम होस् भन्न् मेरो आग्रह छ “startup venture capital private equity fund” मा साविकका शेयरवाला तथा साझेदारको शेयर सङ्ख्या पुँजीको पुँजी यथावत रही नयाँ शेयरवाला तथा साझेदार थप भई पुँजी वृद्धि भएको अवस्थामा यो उपदफाको व्यवस्था लागू हुनेछ भन्ने ढङ्गको प्रबन्ध गर्दा यसैको प्रबन्ध गर्दाखेरि साना व्यवसायीहरू खासगरी start up हरूमा निमित्त पनि एउटा सहज परिस्थिति हुने ठुला कम्पनीहरूले ट्याक्स छल्न सक्ने ट्याक्स plan गर्न सक्ने सम्भावना नरहने त्यो स्थिति तसर्थ माननीयज्यूको सुझावको सम्बन्धमा यस अनुरूपको प्रबन्ध गरेर जाँदा हुन्छ भन्ने राख्न चाहन्छु । त्यस हिसाबले सम्माननीय अध्यक्ष महोदयमार्फत आग्रह पनि गर्न चाहन्छु

सम्माननीय अध्यक्षज्यू, संघीय संसदको प्रतिनिधिसभाबाट पारित भई राष्ट्रिय सभामा प्राप्त आर्थिक विधेयक, २०८१ त्यसपछि विधेयक भनिएको माथि आजै राष्ट्रिय सभा भएको दफावार छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका विषयहरूलाई विचार गर्दा देहायका सुझावहरूलाई स्वीकार गर्न उपयुक्त देखिएको हुँदा उक्त सुझावहरू स्वीकार गर्दछु।

विधेयकको दफा १ को उपदफा २ मा रहेको र पैतिस भन्ने शब्दहरूको सट्टा र दफा ३७ भन्ने शब्दहरू राख्ने।

विधेयकको दफा ३६ को उपदफा ६ को प्रतिबन्धात्मक वाक्यांशको शुरूमा रहेको तर

भन्ने शब्दपछि "startup venture capital private equity fund" भन्ने शब्दहरू थप्ने।

(१६:४१ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरु प्रतिनिधिसभा सन्देशसहित प्राप्त आर्थिक विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस् भन्ने प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ। माननीय सदस्यहरू, अब म सुझावकर्ता माननीय सदस्य भगवती न्यौपानेलाई आफ्नो सुझाव फिर्ता लिन चाहनु हुन्छ भने समय उपलब्ध गराउँछु।

(१६:४१ बजे)माननीय भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी एमाले):-सम्माननीय अध्यक्षज्यू, मैले यसभन्दा अगाडि नै आफ्नो सुझाव किन राखेको थिएँ भन्ने कुरा चाहिँ मैले यहाँ राखेँ। अहिले जवाफ दिने सन्दर्भमा माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्रीज्यूले जुन खालको प्रतिबद्धता जनाउनु भयो, जे कुरा स्वीकार गर्नु भयो वास्तवमा ठुला कम्पनीहरूले कर नछलुन् र मेरो उद्देश्य पनि कसैले पनि कर नछलोस् भन्ने खालको उद्देश्य राखेर मैले सुझाव दर्ता गराएको थिएँ र माननीय मन्त्रीज्यूले जुन खालको चाहिँ एउटा प्रष्ट पार्नुभयो त्यसमा म सहमत छु, मैले स्वीकार गर्दछु र मेरो आफ्नो जुन प्रष्ट सुझाव थियो त्यो सुझाव फिर्ता लिन चाहन्छु।

(१६:४२ बजे)सम्माननीय अध्यक्ष :- माननीय सदस्यहरू, माननीय सदस्य भगवती न्यौपानेले पेस गर्नु भएको प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त आर्थिक विधेयक, २०८१ माथिको सुझावलाई फिर्ता लिनु भएकोले उक्त सुझावलाई निर्णयार्थ प्रस्तुत गरिरहनु नपर्ने बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू संयुक्त सुझावकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरेले पेस गर्नुभएको प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त आर्थिक विधेयक, २०८१ माथिको सुझावलाई फिर्ता लिनु भएकोले उक्त सुझावलाई निर्णयार्थ प्रस्तुत गरिरहनु नपर्ने जानकारी गराउँछु।

माननीय सदस्यहरू, अब म आर्थिक विधेयक, २०८१ माथिको दफावार छलफलको क्रममा उठेका विषयहरूमध्ये माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्रीज्यूले स्वीकार गर्नुभएको विषयलाई सभाको सहमतिको लागि निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ” भन्नुहोस्।

-“हुन्छ” ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले “हुन्न” भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन। तसर्थ माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्रीज्यूले स्वीकार गर्नुभएको विषय सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु। माननीय सदस्यहरू, अब म विधेयकको दफा २ देखि ३९ सम्म सोसँग सम्बन्धित अनुसूची १ देखि ३ सम्म माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्रीज्यूले स्वीकार गर्नुभएको विषय प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त आर्थिक विधेयक, २०८१ को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ” भन्नुहोस्।

-“हुन्छ” ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले “हुन्न” भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ विधेयकको दफा २ देखि ३९ सम्म र सोसँग सम्बन्धित अनुसूची १ देखि ३ तथा माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्रीज्यूले स्वीकार गर्नुभएको विषय सर्वसम्मतिले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त आर्थिक विधेयक, २०८१ को अङ्ग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब म विधेयकको नाम र प्रस्तावना पढेर सुनाउँछु।

"प्रस्तावनाः नेपाल सरकारको आर्थिक वर्ष २०८१/८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न राजस्व सङ्कलन गर्ने, कर घटाउने, बढाउने, छुट दिने वा राजस्व प्रशासन सम्बन्धी प्रचलित कानुनलाई संशोधन गर्न वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ।

सङ्क्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम “आर्थिक ऐन, २०८१” रहेको छ।

(२) यो ऐनको दफा १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, २२, २३, २४, २५, २६, २७, २८, २९, ३०, ३१, ३३, ३४, ३५, ३६ को उपदाफा (१४) र दफा ३७ तुरून्त प्रारम्भ हुनेछ र अन्य दफाहरू सम्वत् २०८१ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछन्।"

माननीय सदस्यहरू, अब म, विधेयकको प्रस्तावना र नाम प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०८१ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ" ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त आर्थिक विधेयक, २०८१ को अङ्ग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु प्रसाद पौडेललाई राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (७) बमोजिम "आर्थिक विधेयक, २०८१ लाई सुझाव सहित पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१६:४७ बजे)<u>माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु प्रसाद पौडेल</u>:-सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक विधेयक, २०८१ लाई सुझाव सहित पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस् भन्ने प्रस्ताव यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु। धन्यवाद ।

(१६:४८ बजे)<u>सम्माननीय अध्यक्ष</u>:-माननीय सदस्यहरू, अब यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।"आर्थिक विधेयक, २०८१ लाई सुझाव सहित पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ" ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ आर्थिक विधेयक, २०८१ लाई सुझावसहित पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित गरेको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब म, माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु पौडेललाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु।

(१६:४९ बजे)**माननीय उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेल**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८१ माथि दफावार छलफल सदनमा प्रस्तुत गरियोस्" भन्ने प्रस्ताव यस सम्मानित सदन समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१६:५० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ" ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावमाथि सदनमा दफावार छलफल प्रारम्भ हुन्छ।

माननीय सदस्यहरु, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (४) बमोजिम यस विधेयकका सम्बन्धमा निर्धारित समयभित्र कुनै पनि सुझाव पेस हुन नआएको

बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, उक्त विधेयक माथिको दफावार छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले आ-आफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु। छलफलमा भाग लिनु हुने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावका सम्बन्धमा छलफलमा भाग लिन कुनै पनि माननीय सदस्यबाट नाम प्राप्त नभएको बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू अब म विधेयकको दफा २ लाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त राष्ट्र ऋण उठाउने विधेयक, २०८१ को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ" ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको दफा २ सर्वसम्मतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८१ को अङ्ग बनेको घोषणा गर्दछु। माननीय सदस्यहरू, अब म विधेयकको नाम र प्रस्तावना पढेर सुनाउँछु।

"प्रस्तावना: आर्थिक वर्ष २०८१/८२ को निमित्त नेपाल सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न नेपाल सरकारले राष्ट्र ऋण उठाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

सङ्क्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "राष्ट्र ऋण उठाउने ऐन, २०८१" रहेको छ।

(२) यो ऐन सम्वत् २०८१ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।"

माननीय सदस्यहरू, अब म, विधेयकको प्रस्तावना र नाम प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८१ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ" ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८१ को अङ्ग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु प्रसाद पौडेललाई राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (७) बमोजिम "राष्ट्र ऋण उठाउने विधेयक, २०८१ लाई मूल रूपमै (सुझाव बिना) पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१६:५४ बजे)<u>माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु प्रसाद पौडेल</u>:-सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८१ लाई मूल रूपमै (सुझाव बिना) पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्ताव यस सम्मानित सदन समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१६:५५ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, अब उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

-“हुन्छ” ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले “हुन्न” भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८१ लाई मूल रूपमै (सुझाव बिना) पारित गरी प्रतिनिधि सभामा फिर्ता गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब म, माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णु प्रसाद पौडेललाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "भन्सार महसुल विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु।

(१६:५६ बजे)माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णु प्रसाद पौडेल :-सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "भन्सार महसुल विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु।

(१६:५८ बजे)सम्माननीय अध्यक्षः-माननीय सदस्यहरू, माननीय सदस्यहरू, अब म, उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ” भन्नुहोस्।

-“हुन्छ” ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले “हुन्न” भन्नुहोस्।

“हुन्न” भन्ने आवाज सुनिएन। तसर्थ प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "भन्सार महसुल विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "भन्सार महसुल विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावमाथि सदनमा दफावार छलफल प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (४) बमोजिम यस विधेयकका सम्बन्धमा निर्धारित समयभित्र कुनै पनि माननीय सदस्यहरूबाट सुझाव पेस हुन नआएको बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, उक्त विधेयक माथिको दफावार छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आ-आफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु। छलफलमा भाग लिनुहुने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "भन्सार महसुल विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब म माननीय उप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु प्रसाद पौडेललाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "भन्सार महसुल विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब म, विधेयकको दफा २ देखि ३० र अनुसूची १ देखि ७ लाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "भन्सार महसुल विधेयक, २०८१ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ" ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ विधेयकको दफा २ देखि ३० र अनुसूची १ देखि ७ सर्वसम्मतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "भन्सार महसुल विधेयक, २०८१" को अङ्ग

बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म, विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु।

प्रस्तावना: नेपालबाट निकासी हुने र नेपालभित्र पैठारी हुने वस्तुमा भन्सार महसुल लगाउने र असुल गर्ने तथा भन्सार विन्दुबाट वस्तु निकासी वा पैठारी गर्दा नेपाल सरकारलाई बुझाउनु पर्ने महसुलसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

सङ्क्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "भन्सार महसुल ऐन, २०८१" रहेको छ।

(२) यो ऐन सम्वत् २०८१ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।"

माननीय सदस्यहरू, अब म, विधेयकको प्रस्तावना र नाम प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "भन्सार महसुल विधेयक, २०८१ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "भन्सार महसुल विधेयक, २०८१" को अङ्ग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु प्रसाद पौडेललाई राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (७) बमोजिम "भन्सार महसुल विधेयक, २०८१ लाई मूल रूपमै (सुझाव बिना) पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१७:०१ बजे) माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु प्रसाद पौडेल:-सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "भन्सार

महसुल विधेयक, २०८१" लाई मूल रूपमै (सुझाव बिना) पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्ताव यस सम्मानित सभा प्रस्तुत गर्दछु। धन्यवाद।

(१७:०२ बजे) **सम्माननीय अध्यक्ष** :- माननीय सदस्यहरू, अब म, उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "भन्सार महसुल विधेयक, २०८१ लाई मूल रूपमै (सुझावबिना) पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८१ साल साउन ४ गते शुक्रबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८१ साल साउन ४ गते शुक्रबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो )

स्थगितः १७:०३ ।